UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

# नेपालका लागि संयुक्त राष्ट्रसंघका महासचिवका विशेष प्रतिनिधि इयान मार्टिनको सम्बोधन

## नेपाल पत्रकार महासंघ, काठमाडौं

## २०६४ भदौ ९ (२६ अगस्ट २००७)

आज यहाँ उपस्थित हुन पाउँदा मलाई खुशी लागेको छ। कुनै पनि चुनावमा सञ्चार जगत्को भूमिका असाध्यै महत्वपूर्ण हुन्छ। अझ संविधानसभा जस्तो देशकै भविष्यका लागि दूरगामी महत्व राख्ने आसन्न चुनावका सन्दर्भमा सञ्चारको विशिष्ट उपादेयता छ। नेपाल जुन किसिमको ऐतिहासिक संक्रमणकालीन अवस्थामा छ यहाँ पत्रकारहरूको गम्भीर भूमिकाका परिप्रेक्ष्यमा नेपाल पत्रकार महासंघले यो भेलाको आयोजना गरेको कुराको म मुक्त कण्ठले प्रशंसा गर्न चाहन्छु। महासंघले जनआन्दोलन अघि र जनआन्दोलनका क्रममा पुऱ्याएको महत्वपूर्ण योगदानको पनि म यहाँ स्मरण गर्न चाहन्छु।

गत साता मैले नेपालको सुदूर पश्चिम क्षेत्रको भ्रमण गरेको थिएँ। मैले धनगढी र कञ्चनपुरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रमुख, राजनीतिक दल र नागरिक समाजका प्रतिनिधि, कर्मचारी र सञ्चारकर्मीहरूलाई भेट्ने मौका पाएँ। मैले कञ्चनपुर जिल्लाको पिपलादी गाविसमा स्थानीय नेताहरू र समुदायका सदस्यहरूसँग भेटघाट गरें। संविधानसभाको चुनावमा सहभागी हुनका लागि उहाँहरूले देखाएको तत्परताबाट म निकै प्रभावित भएँ। मतदाता शिक्षा र नागरिक शिक्षाका विषयमा जानकारी बढाउनुपर्छ र राजनीतिक दलहरूले गाउँस्तरमा चुनावको तयारी थाल्नुपर्छ भन्ने कुरा मैले धेरै पटक सुनें। देशका सबै क्षेत्रका जनतासमक्ष स्पष्ट, विस्तृत र सही जानकारी पुऱ्याउनमा सञ्चार क्षेत्रको ठूलो भूमिका हुन्छ। यसो हुँदा जनताले सुसूचित र सक्रिय भएर चुनावी प्रक्रियामा भाग लिन सक्छन्।

दुर्गम समुदायका महिला तथा परम्परागतरूपमा सिमान्तीकृत सम्पूर्ण समुदायसमक्ष चुनावसम्बन्धी जानकारी पुऱ्याउनका लागि विशेष प्रयास गर्नुपर्छ भन्ने कुरामा म जोड दिन चाहन्छु। सुदूर पश्चिम क्षेत्रको भ्रमणका बेला मैले महिला, दलित, थारू, पूर्व कमैया र पूर्व हलिया समुदायका मानिसहरूबाट उनीहरूले संविधानसभाको चुनावबारे जानकारी नै पाएका छैनन् भन्ने कुरा पटकपटक सुनें। राजनीतिक र चुनावी प्रक्रियाका विषयमा जानकारी पाउनबाट कोही पनि नछुटोस् भन्ने कुरा सरकार, निर्वाचन आयोग र नागरिक समाजले सुनिश्चित गर्नुपर्छ। महत्वपूर्ण सूचना र जानकारी मुलुकभर फैलाउने काममा सञ्चार माध्यमहरूले विशेष मद्दत पुऱ्याउन सक्दछन्।

BICC Complex, New Baneshwor, GPO Box 15211, Kathmandu, Nepal, Tel: + 977-1-501-0036/37/38, Fax: +977-1-501-0040

निर्वाचन आयोगले सरकार र निर्वाचन सम्बद्ध कर्मचारी एवं राजनीतिक दलहरूका साथसाथै सञ्चार माध्यमका लागि पनि आचार संहिता तयार पारेको छ। यसको उद्देश्य संविधानसभाको समग्र समाचार स्पष्ट र सही ढङ्गले प्रवर्द्धन गर्न मद्दत पुगोस् भन्ने हो। उक्त आचार संहिताले निर्वाचन पद्धतिबारे जनसाधारणलाई सूचित गर्ने र शान्तिपूर्ण राजनीतिक छलफल अघि बढाउने सञ्चार जगत्को हैसियत र उत्तरदायित्वलाई आत्मसात् गरेको छ।

आचार संहिताको अन्तर्निहित सिद्धान्त सञ्चार माध्यमहरूले जनसाधारणलाई समग्र कुरा विस्तृत, सही र निष्पक्ष रूपमा सूचित गर्न सकून् भन्ने हो जसले गर्दा उनीहरूले सबै कुरा बुझेर निर्वाचनका दिन निर्णय लिन सकून्।

यस बाहेक आचार संहिताले रेडियो नेपाल र नेपाल टेलिभिजन जस्ता सार्वजनिक माध्यमहरूलाई समानुपातिक निर्वाचनका प्रतिस्पर्धी सबै राजनीतिक दलहरूलाई निःशुल्क समय प्रदान गर्न पनि सिफारिस गरेको छ।

अन्त्यमा, म सञ्चार जगत्को स्वतन्त्रता तथा पत्रकारहरूले डर, त्रास र धम्कीमुक्त वातावरणमा लेख्न पाउनु कति महत्वपूर्ण छ भन्ने बारेमा केही कुरा गर्न चाहन्छु। द्वन्द्वको पूरै अवधिभरि नेपालका पत्रकारहरूले डर, धम्की र कहिलेकाहीँ त हिंसात्मक आक्रमणको पनि सामना गर्नु पर्‍यो। विशेषतः यस्तो अवस्था मुलुकका ग्रामीण क्षेत्रहरूमा विद्यमान् थियो। सञ्चारको स्वतन्त्रता सदैव आवश्यक छ तर खासगरी संविधानसभाको चुनाव प्रक्रियाका बारेमा पत्रकारहरूले ग्रामीण क्षेत्रबाट समाचार लेख्न पाएमा मात्र सञ्चारको हकको सबैले कदर गरेको पुष्टि हुनेछ। राजनीतिक दल र घटकहरूले पत्रकारलाई डर देखाउन वा धम्क्याउन हुँदैन। म नेपालमा मानव अधिकार उच्चायुक्तको प्रतिनिधिका रूपमा कार्यरत रहेका बेला र तत्पश्चात् पनि पत्रकारहरूलाई धम्क्याइएका बेला ओएच्सीएच्आर नेपालले त्यसको जाँचबुझ गर्न र आवश्यक कदम चाल्न जहिले पनि सक्तो प्रयत्न गरेको छ। अहिले निर्वाचनका सन्दर्भमा सञ्चार जगत्को स्वतन्त्रता र पत्रकारहरू विरुद्धको धम्की र दुर्व्यवहारका घटनाहरूको ओएच्सीएच्आरले अनुगमन जारी राख्नेछ।

निर्वाचन र राजनीतिक प्रक्रियाका विभिन्न पक्षका बारेमा प्रकाशित प्रसारित व्यावसायिक सञ्चार सामग्रीहरूले संविधानसभाको चुनावको सफलतामा योगदान पुर्‍याउँछन्। नेपाल पत्रकार महासंघले मुलुकभरमा पत्रकारहरूको प्रभावकारी सञ्जाल विकास गरेको छ र महासंघमा आफ्ना सदस्यहरूद्वारा सर्वोत्कृष्ट व्यावसायिक आचरण अभिवृद्धि गर्नसक्ने क्षमता छ। यो स्तरयुक्त व्यावसायिकताप्रतिको प्रतिबद्धताका लागि म महासंघ र यसका सम्पूर्ण सदस्यहरूलाई बधाइ ज्ञापन गर्दछु। संविधानसभाको सफल निर्वाचन तथा शान्ति प्रक्रियाका लागि सञ्चार स्वतन्त्रता र नेपाली जनताको सूचनाको हक दुवैको ठूलो महत्व छ र यी कुराप्रति राष्ट्रसंघ, मानव अधिकार उच्चायुक्तको कार्यालय र अन्मिन सदैव प्रतिबद्ध छन्।

धन्यवाद।

BICC Complex, New Baneshwor, GPO Box 15211, Kathmandu, Nepal, Tel: + 977-1-501-0036/37/38, Fax: +977-1-501-0040